गताङ्कको रहल...

# नेपाली/गोर्खा भाषा, साहित्यमा श्याम प्रकाशनको अतुलनीय योगदान




उनी अझ भन्छन्, पहिले दार्जीलिङबाट कृतिकारहरूका पाण्डुलिपिहरू बटुलेर लिएर जानुहुन्थ्यो अनि बनारसमा लगेर छाप्नुहुन्थ्यो। यो लगभग १९६५ सालदेखिको कुरो हो। त्यसताक लेखहरूबाट रुपियाँ अबेर पाउथे। उनी यसबेलाको व्यवसायमा फाइनन्स क्रसमा प्राय:जसो परे तर पनि उनले परिवारलाई कहिल्यै पनि अन्योलमा भने पारेनन्। न त थाह लाग्न नै दिए। यसैले उनी हाम्रो निम्ति देवतासमान हुनुहुन्छ। बनारसमा पनि उनका पिन्टर साथी धेरै थिए अनि दुलीचन्दभन्दा हुरूक्क हुन्थे। मैले उनकै नजीकमा बसेरै उनका क्रियाकलापलाई सम्पूर्ण पढ़िसकेको र बुझिसकेको थिएँ।

बनारसमा म पनि बुवासित धेरै बसेर काम गरेँ। हामी बनारसमा ६९ सालसम्म बस्यौं तर मैले बुबासित बसेर प्रकाशन साथै व्यवसायका धेरै अमूल्य कार्य सिक्ने र जान्ने अवसर पाएँ। जो म आजन्म भुल्न सक्तिनँ।'' यसरी सांवर अग्रवालले १९६५ सालदेखि आफ्नो दोकान सम्हाल्ने जिम्मेवारी लिए। उनले आफ्नो जिम्मेवारीको १९८५ सालसम्म लगभग ५०० भन्दा धेर पुस्तक प्रकाशमा ल्याइसकेका छन्। उनको समयमा राजनारायण प्रधान, इन्द्रबहादुर राई, डा. जीवन नामदुङ, गुमानसिंह चामलिङ, असित राई, विन्ध्या सुब्बा, शिवकुमार राई, अजिता राई, विमल राई, मिलन बान्तवा, डा. जस योञ्जन 'प्यासी' लगायत अझ अन्य वरिष्ठ साहित्यकारका राम्रा राम्रा अमूल्य पुस्तकहरूलाई प्रकाशनमा ल्याइसकेका छन्। उनले आजसम्म ५० प्रतिशतभन्दा धेर पुस्तक आफ्नो जिम्मेवारीमा प्रकाश गरिसकेका छन्। जब सांवर अग्रवाललाई प्रकाशनका सम्पूर्ण जिम्मेवारी आयो तब उनले दिलोज्यान दिएर यस कामलाई सफलतापूर्वक पूर्ण पनि गरे। आफ्ना पिताको सिखोविदो लिएका सांवर अग्रवालले पिताकै आशीर्वादको कारण यस व्यवसायलाई सफलतापूर्वक मिलाउँदै गए।

यसरी १९८५ सालसम्म उनको यस प्रकाशन व्यवसाय क्षेत्रमा कुनै प्रकारको समस्या पनि आएन तर १९८६ सालदेखि आन्दोलन शुरु भयो त्यसपछि त साहित्यिक पुस्तकहरूको महत्त्व र माग पूर्णतः घटेर गयो अनि सेलाएर पनि गयो। त्यसपछि पत्र-पत्रिकाहरू किनेर पढ़िदिने पाठकहरू धेर भएनन्। सबै आ-आफ्नै सुरमा बहन थाले। एकतर्फ आन्दोलनको आँधीले पिरोलिएको त्यसैमाथि पनि युग परिवर्तनसँगसँगै टेलिभिजन र अन्य प्राविधिक सुविधाको आगमनले प्राय:जसो मानिस नै मनोरञ्जनमा भुलिनथाले। यस्तो स्थितिले पत्रपत्रिकाहरू आफैआफ पन्सिएर जानथाले। त्यसैमाथि पुस्तकहरू त्यसै पनि धेर बिक्री नभइदिएकाले साथै कतिपय ग्राहकले पुस्तकहरू नलगिदिएकाले उनीहरूले धेरै नोक्सानी उठाउनुपऱ्यो। (यसै प्रसंगवश कुरैकुरामा एउटा कुरा भन्न मनलाग्यो। मैले स्वयं नै श्याम प्रकाशनबाट प्रकाशमा आएका पुस्तकहरू राखेका स्टोर हेर्ने आग्रह गरेँ।

मलाई उनका कार्यकर्तासित बीएम च्याटर्जी रोडस्थित स्टोरमा पठाए। मैले स्टोरको निरीक्षण गरेँ अनि पुस्तकहरूका बण्डलहरू भुइँभरि, बोराभरिभरि त्यसै परिरहेको देखेर आश्चार्यचकित भएँ। त्यस स्टोर रूममा हाम्रा वरिष्ठ महारथीहरूका पुस्तकहरू पनि रहेछन्। युवाहरूका पुस्तकहरू पनि छन् साथै बिक्री नभएका पाठ्यपुस्तकहरू पनि त्यसै लड़िरहेका छन्। मानौं बिक्री नभएका सागसब्जीझैं। मलाई मन दुखेर आयो। ती पुस्तकहरूबाट खपेका नोक्सान र भोगाइका पीड़ाका रेखाहरू उनीहरूले कहिले पनि कसैसित बाँड़ेको पनि देखिएन तर यस्तो अवस्थामा पनि यस्ता नोक्सानका पीड़ाहरूलाई एउटा छुट्टै रूमभित्र कैद गरेर श्याम प्रकाशन हाम्रै निम्ति यसरी लागिपर्नु भनेको एउटा ऐतिहासिक कुरो हो। यस विषयहरूलाई हामीले पनि राम्रोसित केलाएर निक्यौंल साथै मूल्यांकन गर्नपर्ने हुन्छ।)

पुन: अघिकै विषयमा आऊ। यसप्रकारको दयनीय स्थितिमा पनि अग्रवाल परिवारले हिम्मत हारेनन् न त आफ्नो व्यवसायलाई नै परिवर्तन गरे। नाफा-नोक्सान सबैलाई सहँदै उनीहरूले यसै व्यवसायलाई अघि बढ़ाउने दृढ़ निर्णय लिए। उनीहरूले विद्यार्थी र साहित्यकारहरूलाई अधकल्चो राखेर अन्योलमा राख्ने इच्छा गरेनन्। अग्रवाल परिवारको धन्य भाग! साँच्चै समयको परिवर्तनसँगसँगै दार्जीलिङको परिवेशमा पनि परिवर्तन आयो। यसैले उनीहरूले पुन: आफ्नो प्रकाशनमा पुस्तकहरू ल्याउनथाले। जुन क्रमलाई आजपर्यन्त सफलतापूर्वक सञ्चालन गरिरहेका छन्। उनीहरू आफ्ना नाफा-नोक्सानलाई हेरेर काम गर्दैनन् जतिसक्दो आफ्ना ग्राहकहरूलाई काम राम्रो दिएर आफ्नो विश्वासलाई बाँड़ने गर्छन्। श्याम प्रकाशको सधैँ एउटै उद्देश्य रहेको छ कि आफ्ना ग्राहकहरू उनीहरूको कामले सन्तुष्ट होस, रमाओस् भन्ने। मूल्य धेर लागे पनि ती नै मूल्यअनुरूप नै काम पनि उत्कृष्ट होस् आफ्नो प्रकाशनबाट भन्ने चाहन्छन्। उनीहरू आफ्नो कामबाट ग्राहकहरूले घाटा र असन्तुष्ट लिएर जानुभन्दा आफ्नोबाट जतिसक्दो सन्तुष्टि र विश्वासहरू बोकेर जाओस् भन्ने चाहन्छन्।

हाल सम्पूर्ण अग्रवाल परिवार नै यसै प्रकाशन व्यवस्थामा नै खुशी र सुखी छन्। आज सबै दाजुभाइको साँठगाँठ र हातेमालोको कारणले श्याम ब्रदर्सको छुट्टै नाम रहेको छ। हाल श्याम प्रकाशनलाई दार्जीलिङलगायत जिल्ला पुस्तकालय अनि सिक्किमबाट पनि प्रकाशनका निम्ति पुस्तकहरू दिने गर्छन् प्रकाशनको निम्ति। यसरी उनीहरूले सबैको विश्वासलाई जितिसकेका छन्। अग्रवाल परिवारको एउटा विषयलाई सबैले प्रशंसा र सराहना गर्नैपर्ने हुन्छ- त्यो के भने उनीहरूले आफ्ना दिवंगत माता-पिताको पछि पनि उनीहरूलाई सधैँ ईश्वरलाई झैं पुज्छन्, श्रद्धा गर्छन् उनीहरू सशरीर परिवारसित नभए पनि विभिन्न सेवाकार्यको माध्यमद्वारा जीवित साथै अमर राख्ने काम गरिरहेका छन्। उनीहरूले आफ्ना पिताको योगदानलाई सधैँ सम्झेका छन्।

यसैले विभिन्न सेवाकार्यको रूपमा आफ्ना अभिभावकलाई बँचाउने काम गरेका छन्। संक्षेपमा ती कार्यहरूबारे भन्नपर्दा गोदुनिसद्वारा आयोजना गरिने भलिबल अनि बास्केट बल प्रतियोगिता, विभिन्न स्कूलमा सम्पन्न गरिने इन्टर हाउस प्रतियोगिता उनीहरूकै नाममा गरिन्छ। यसरी नै पोख्रेबुङ, बिजनबारी, नागरीलगायत अन्य स्थानमा पनि उनीहरूकै पक्षबाट सहयोग अनि सेवाकार्यहरू भइरहेको छ। यसै सन्दर्भमा श्याम प्रकाशनले १९६० सालमा आफ्नो पिताको निधनपछि '**दियालो दुलीचन्द स्वर्ण पदक पुरस्कार**' नेपाली साहित्य सम्मेलनबाट प्रदान गर्दथ्यो। यो पुरस्कार दियालोमा प्रकाशित लेखका लेखहरूबाट चयन गरिने गरिन्थ्यो।

यो पुरस्कार दिएसम्म जम्मा १९/२० साहित्यकारले यो पुरस्कार प्राप्त गरिसकेका छन्। १९८६ सालदेखि यो पुरस्कारलाई उक्त पुस्तक प्रकाशनमा नआएको हुनाले स्थगित गर्न बाध्य बनेको स्वयं सांवर अग्रवाल बताउछन्। यसरी नै २०११ सालदेखि दुलीचन्द अग्रवालको पुण्यतिथिको स्मृतिको दिनलाई केन्द्रित गरेर युवा पुरस्कारको घोषणा पनि गरेका छन् अनि यस युवा पुरस्कारद्वारा प्रथम युवा साहित्यकार जय 'क्याक्टस' सम्मानित भइसकेका छन्। यसरी नै यस पुरस्कारलाई विशेषगरि ओझेलमा परेका साहित्यकारहरूलाई पनि प्रदान गर्ने उद्देश्य अग्रवाल परिवारको रहेको छ। आगामी दिन (सेप्टेम्बर महीना)-मा उनीहरूकी आमा स्व.चम्पादेवी अग्रवालको पुण्यतिथिको समय राम्रो अन्तर्क्रियात्मक काम गर्ने उनीहरूको जमर्को रहेको छ कुरा पनि सांवर अग्रवाल उजागर गर्छन्। अग्रवाल परिवार धेरैवटा संघ-संस्थानसित संलग्न रहेर आ-आफ्नै क्षेत्रमार्फत् कतिपय विषयमा सेवा पुऱ्याउने कार्यलाई निरन्तर गर्दै आइरहेको छ।

श्याम प्रकाशन हाल विशेषगरि युवाहरूको निम्ति अघि आएको देखिन्छ। युवा सर्जकहरूलाई विशेष प्रेरणा र प्रोत्साहन दिने उद्देश्यमा नयाँ नयाँ कार्यहरू गर्दै आइरहेका छन्। ''दलसिंह 'अकेला', सूर्य श्रेष्ठ, विमल राई, केवलचन्द्र लामा, मिलन बान्तवा, सूर्य श्रेष्ठ, सबिता संकल्प, सपन, महेश, कर्णलगायत अन्य कलम हाम्रा सम्पत्ति हुन् जसको सरंक्षण हामीले गर्नुपर्छ'', सांवर अग्रवाल भन्दछन्। श्याम प्रकाशनले आजसम्म हामीलाई धेरै साहित्यकारका पुस्तकहरू प्रकाशनमा ल्याएर सेवा पुऱ्याइरहेको थियो भने यो सँगसँगै नेपाली साहित्यमा योगदान पुऱ्याउने अमूल्य कार्य पनि गरिरहेको छ।

अब उनीहरूले एउटा थप संकल्प के पनि गरेका छन् भने विशेषगरि युवाहरूलाई प्रेरणा र उत्साह दिँदै नयाँ पुस्तकहरूको प्रकाशनसँगै नयाँ नयाँ प्रकारका साहित्यिक कार्यक्रमहरूको आयोजना गर्ने, यसका साथै अन्तरराष्ट्रियस्तरका पुस्तकहरूलाई प्रकाशनमा ल्याउने जमर्को रहेको पनि सांवर अग्रवाल बताउँछन्। यसै सन्दर्भमा सांवर अग्रवाल भन्छन्, ''काम राम्रो होस् ढिलै भए पनि। हाम्रो पब्लिकेशनको प्राविधिक व्यवस्था राम्रो छ। खराब काम हामी छाप्न सक्दैनौं। हाम्रो खुनमै यस्तो धारणा रहेको छ। हामीले अब हाम्रा शुभचिन्तकहरूको निम्ति हाइडल वर्क मेशिनद्वारा काम गर्ने सोंचेका छौं। हामीले मेशिनलाई बेहुलीलाई झैं सुरक्षित राखेका छौं।

हुन ता छाप्ने मेशिन मात्र होइन तर छापेर काम गर्ने मानिस पनि राम्रो हुनपर्छ यसैले यसबारे पनि हामीले सोचेका छौं अनि राम्रो वर्कर पनि छ हामीसित। हाम्रो आज जुन सफलता पाठकअघि रहेको छ यसमा मुख्य भूमिका श्याम दाजुको छ। श्याम दाजुले सम्पूर्ण परिवारलाई बाँधेर राख्ने काम पनि गरेका छन्। उनी ज्यादै खट्नुहुन्छ। उनीसित अन्य दाजुभाइ पनि खटिरहेका छन्। प्रकाशनलाई सफलीभूत रहेको हेर्न चाहन्छौं सम्पूर्ण परिवार नै।'' उनी अझ यसो पनि भन्छन्, ''मलाई यस्ता राम्रा पुस्तकहरू प्रकाश गर्न मनपरेको छ जुन कृतिहरूले साहित्य अकादमी, भानु पुरस्कारहरू पाओस्। अनि ती जम्मै पुरस्कार चाहिँ हाम्रा युवा कलमहरूको झोलीमा जाओस्। हाम्रो प्रकाशनमा आज जति पनि काम हुन्छुन् त्यो अत्यन्त अनमोल छ। प्राय:जसो नै अन्तरराष्ट्रियस्तरको अव्बल नम्बरमा आउँछन् किनकि मैले सुनेको छु जब पुरस्कृत व्यक्तिहरूले ती स्थानहरूमा गएर आफ्नो पुस्तक देखाएका छन् तब उनीहरूका त्यहाँका मानिहसहरूले चकित बनेर भनेका थिए' रे ''तपाईंहरूको दार्जीलिङमा यस्तो स्तरीय पुस्तकहरू पनि प्रकाशित हुन्छन्!''। यसैले सिस्टम्याटिक सबैले रूचाउँछन्। कति प्रिन्टस यस्ता हुन्छन् जसले राम्रो पैसा लिएर काम राम्रो दिँदैनन् तर यसो गर्नु उचित होइन। मानिसको विश्वास जित्न सक्नुपर्छ। यो काममा विशेष इमानदारिता हुनपर्छ। आज हामीले यही सबै प्रयोग गरेका छौं सायद यसैले ईश्वरको आशीर्वाद हामीलाई रहेको छ।''

यसरी दार्जीलिङको प्रकाशन क्षेत्रमा स्व. दुलीचन्द अग्रवाल मात्र होइनन् तर उनका छोराहरू पनि खरो उत्रेका छन्। यसरी नै आफ्नो बाजे दुलीचन्द अग्रवाल अनि आफ्ना पिता साथै आफ्ना बड़ा, काकाहरूको सिखोविदोलाई आत्मसात गरेर यस व्यवसायमा मन दिएर लागिपर्ने युवा भनौं सांवर अग्रवालका सुपुत्र सन्दीप अग्रवालको हाल अन्तर्मनद्वारा श्याम प्रकाशनलाई दिइरहेको साथलाई पनि हामीले भुल्न भने हुँदैन। आजका युवाहरू यस उमेरमा कुमार्गतिर लागेर साथै बेकामे बनेर आफैलाई बेअर्थहीन बनाएर आफ्ना परिवारको गुनासो बनेर हिँड़िरहेका युवाहरूको लहरमा सन्दीप अग्रवालको योगदानको प्रंशसा भने गर्नैपर्ने हुन्छ।

आफ्ना श्रद्धेय बाजे, पिताहरूबाट यसै व्यवसायअन्तर्गत कामहरू सिक्दैआएका सन्दीप अग्रवालले वर्तमानमा श्याम प्रकाशनका कतिपय जिम्मेवारीलाई लिएर आफ्ना परिवारलाई हात र साथ दिइरहेका छन्। हुन ता आजका युवाहरूको अर्कै सोच हुन्छ, अर्कै इच्छा हुन्छ र अर्कै काम गराइहरू हुन्छन्। यसप्रकारको युग र परिवेशको समयमा उच्चस्तरमा देखापरेका सन्दीप अग्रवाल एकजना यस्ता युवा हुन् जो उमेरले परिपक्व नभए तापनि प्रत्येक काम गराइको रूपरेखाभित्र भने परिपक्व र होनहार छन्। आफ्ना इच्छाहरू अन्य भएरै पनि हाल आफ्नै बाजे अनि पिताका व्यवसायलाई काँधमा काँध दिएर सहयोग र योगदान पुऱ्याउने कार्य सन्दीपले गरिरहेका छन्।

आज श्याम ब्रदर्सको जुन एउटा छुट्टै परिचय छ त्यसलाई उनकै घरभित्रका कसैले पनि, अन्य केहीसित तुलना गर्न सक्तैनन्। हुन पनि घरको मानिसको महत्त्वलाई घरकै मानिसले बुझ्दैन तर उनको बाहिरी सम्बन्धित क्षेत्रहरूमा के कतिको योगदान रहेको छ त्यस कुरालाई केवल बाहिरकाले बुझेका हुन्छन्। यही हाल श्याम ब्रदर्सको छ। सन्दीपले पनि यस कुरोलाई राम्रोसितले बुझेका छन्। यसैले आज आफ्नो घरको प्रकाशनको महत्त्व बुझेर नै सन्दीपले आफ्ना ठूलाबड़ा सबैलाई हात बटाउने कार्य सक्रियरूपमा गरिरहेका छन्। यस क्षेत्रमा आफ्ना बाबु र बाजेको योगदानलाई सन्दीपले स्पष्ट बुझेका छन्। सन्दीपझैं कतिपय युवा बेरोजगार रहेर दिनभरि अन्य समस्या र संघर्षमा रही लाचार र विवश जिन्दगी बाँचिरहेका छन्। यी नै युवाहरूको जिन्दगीलाई राम्रोसित पढ़िसकेका सन्दीप बताउँछन्। यसै प्रसंगमा सन्दीप भन्छन्, ''आजका युवाहरूले कुनै पनि एउटा कामलाई सक्छु भनेर थालिसकेपछि अवश्यै नै सक्छन् तर सक्दिनँ भनेर त्यसै हार खानु राम्रो होइन। पहिलेबाटै कुनै पनि कामलाई नविचारी सक्दिनँ भन्ने मान्छे पहिलेबाटै हारेको हुन्छ। आज टेक्नोलोजीले धेरै सुविधा र सहुलियत प्रदान गरेको छ किनकि युगसितै सबै परिवर्तन भएर आएका छन् तर युग परिवर्तन भएर आउनु अभिशाप पनि हो र अर्कोतर्फ आशिष पनि भएको छ। टेक्नोलोजीलाई हाम्रा युवाहरूले गलत प्रयोग पनि गरिरहेका छन्। समय बिताउने विषय बनाएको छ। दिनभर फेसबुक, इन्टरनेट र डाउनलोडतर्फ लागेर समयसँगै आफ्नो जीवन पनि बर्बाद गरिरहेका छन् तर यसै कम्प्युटरबाट राम्रा राम्रा पुस्तकहरू खोलेर पढ़नु, राम्रा राम्रा आवश्यक विषयहरूलाई डाउनलोड गर्न पनि सकिन्छ। आफ्ना सृजनाहरूलाई डाउनलोड गरेर अरूसित बाँड़ने काम हाम्राहरूले गर्दैनन्। सायद यसैको प्रभावमा परेर यस टेक्नोलोजीको आगमनले हाम्रा मानिसहरूले पढ़ने आदत भने पूर्णतः छोड़ेका छन्। आजभन्दा १५ वर्षअघि यही प्रकाशनबाट कत्ति पुस्तक छापिन्थे तर आज त्यसको ठीक आधा भएर गएको छ।''

यस्ता बृहत सोच राख्ने सन्दीपले जियोलोजीमा रूचि राख्थे अनि आफू एक हिस्टोरियन बन्ने हार्दिक इच्छा राख्थे। उनले बेंगलोरमा हार्डवेयर इञ्जिनियरिङ कोर्स पनि गरेका छन्।

सन् १९९८ मै आफ्ना पिताबाट व्यवसायिक क्षेत्रमा मानिसहरूसँग कसरी आफ्नो मान राख्न सकिन्छ। आफ्नो अघि आएका ग्राहकहरूलाई कसरी सन्तुष्ट र विश्वस्त तुल्याउन सकिन्छ भन्ने विषयलाई सिकिसकेका छन्। यसरी श्याम प्रकाशनका सम्पूर्ण परिवार केवल हाम्रै निम्ति, हाम्रै साहित्य क्षेत्रको निम्ति अनि हाम्रै विद्यार्थी साथै युवाहरूको निम्ति एउटै परिवार भएर उत्रेको छ। यसैले श्याम प्रकाशनको यस अतुलनीय योगदान र गुणलाई हामीले बिर्सनुभन्दा बेस, हामीले बरू एउटा छुट्टै बृहत समारोहको आयोजन गरेर श्याम प्रकाशनलाई कुनै सम्मानले विभूषित गर्दा हाम्रो हानि होइन तर हाम्रो पनि एउटा छुट्टै अतुलनीय र अवस्मरणीय कार्य हुनेथियो। ■



➲ सबिता थापा 'संकल्प'

---

## गीत-गजल

## आमा



❍ सरिता दाहाल
कोल्थाङ, सोमबारे

आमा...!
आमा...! समवेदना हुन्, भावना हुन्, महसुस हुन्
आमा...! जीवनको पुष्पमा सुगन्धकी बास हुन्
आमा...! रोइरहेको बालक भुलिँदाको क्षण हुन्
आमा...! मरूभूमिकी नदी वा स्वादिष्ट झरना हुन्
आमा...! लोककथा हुन्, गीत हुन्, मायाकी प्रतिमूर्ति हुन्
आमा...! आखाँबाट झर्न लागेर पनि थामिएको आँशुको ढिका हुन्
आमा...! गालाम स्नेहपूर्वक गरिएको चुम्बन हुन्
आमा...! ममताकी धारा हुन्
आमा...! दुःखेको मनका निम्ति कोइलीको मीठो स्वर हुन्
आमा...! मेहन्दी हुन्, टीका हुन्, सिन्दुर हुन्, तिलहरी हुन्
आमा...! कलम हुन्, निमन्त्रण हुन्, स्याही हुन्
आमा...! परमात्माकी साक्षी हुन्
आमा...! त्याग हुन्, तपस्या हुन्, सेवा हुन्
आमा...! मुखले फुकेर सेलाएको मीठो भान्सा हुन्
आमा...! अनुष्ठान हुन्, साधना हुन्, जीवनको हवन हुन्
आमा...! जीन्दगीको गाउँमा आत्माको घर हुन्
आमा...! चुराधारी हातको रूपमा एक दह्रिलो खाँबो हुन्
आमा...! काशी हुन्, मथुरा हुन्, चारै धाम हुन्
आमा...! चिन्ता हुन्, स्मरण हुन्, बाडुली हुन्
आमा...! बालकको चोटमा मलम लगाएपछि सञ्चो भएको महसुस हुन्
आमा...! चुलो, धुवाँ, खान र रापिएको हातको प्रतीक हुन्
आमा...! जिन्दगीको टर्रोपनमा गुलियोपनको गिलास हुन्
आमा...! पृथ्वी हुन्, जगत हुन्, धुरी हुन्
आमाबिना सृष्टिको कल्पना अधुरो छ
आमा अध्यायबिनाको नसकिने कथा हुन्
र
जीवनमा आमाको कुनै पर्याय छैन
आमाको महत्त्व संसारमा कम हुन सक्दैन
आमासरह जीवनमा कोही हुन सक्दैनन्
आमासरह जीवनमा कोही हुन सक्दैनन्
आमासरह जीवनमा कोही हुन सक्दैन्।

(मूल लेखक : ओम व्यास)

## मन त उसको पनि छ

❍ तिलक ढुङ्गाना
चुनपुरा सदिया

मन त उसको पनि त छ,
मन भक्कानिएको छ,
जीवनको सत्य खोज्दै
उसको थर छ न ठेगाना।

बाटाको अँध्यारो पन्छाउँदै
अग्रसर भएको छ,
शब्द र प्रतिशब्दको खोजी गर्दै
गाँठो भएको छ उसको मन।

भित्रभित्रै खोक्रिएको छ,
आशा र निराशाको बीचमा
नाताहरू तोड़िदिएको छ।

मनको चहना र भाषा
बुझ्नै साह्रो छ,
एकान्तमा आफ्नो ठेगाना खोज्दै
हरपल नयाँ आशा लिएर
डुल्दै हिँड़ेको छ उसको यो मन।

ऊ अहिले निराश छ
उसको जिज्ञासा पनि
साकार नहुने हो...?

## मेरो देश रुदैछ



❍ विकास दुलाल

(क)
सत्य, समृद्धिको पुण्यभूमि यो देशलाई आज
अन्याय र हिंसाले छुदैछ।
शोषकहरूको आगोमा पोलिँदै
आज यो मेरो देश रुदैछ।

(ख)
रुदैछ यो मेरो देश आज
जसलाई कालोबजारीले मैल्याउँदैछ।
साम्य र शान्तित्वको अस्तित्वलाई मेटाउँदै
चौतर्फी दुर्नीति फैल्याउँदैछ।

(ग)
भत्काउँदैछ सौन्दर्य यो मेरो देशको
धरतीमाका सन्तान मारेर।
सन्तान हत्याको शोकमा जल्दै पोलिँदै
यो मेरो देश रुदैछ डाको छाड़ेर।

(घ)
सहन नसकी मानिसका अमानवीय प्रवृत्ति
धरतीमाले पनि दिगम्बर रूप लिएकी छन्।
आँधी, चट्टान, बाढ़ र भूकम्प बनी
निरन्तर हामीलाई चुनौती दिएकी छन्।

(ङ)
धरतीमाको यत्रो चुनौती देखेपश्चात
फेरि किन देशको हिस्सा अछुतिँदैछ ?
दानवीय प्रवृत्तिमा रमेको मानिसलाई देखी
डाको छाड़ी यो मेरो देश रुदैछ।



● नितेश राई
सिटोङ

हुर्किएपछि हुर्केको हुर्केकै हुन्छ
मरेपछि मरेको मरेकै हुन्छ।

दाग त कालो नै हुन्छ हजुर
लागेपछि लागेको लागेकै हुन्छ।

फूलको हुलमा फूलैफूल फुल्छ
झरेपछि झरेको झरेकै हुन्छ।

आखिरमा मानव जिन्दगी हो साथी
मरेपछि मरेको मरेकै हुन्छ।

## भन्दछ जिन्दगी....

● श्रीप्रेम विश्वकर्म
विश्वनाथ चाराली, असम

दुःख आइरहन्छ सहनु भन्दछ जिन्दगी,
बग्ने खोलोझैं बगिरहनु भन्दछ जिन्दगी ।

जीवन बाटोमा त सधैँ नै काँड़ा नै पाइन्छ,
गुलाब फुलेझैं फुल्न सिक्नु भन्दछ जिन्दगी।

अँध्यारोदेखि कहिलै तिमी पाइला नरोक,
बिहानी हुने आशामा हिँड्नु भन्दछ जिन्दगी।

हजारौं समस्यामा पनि सुमार्ग चल्ने गर,
आफ्नो नित्य कर्तव्य गर्नु भन्दछ जिन्दगी।

मृत्यु नै साँचो हुन्छ जीवनको सधैँ हजुर,
नभुल तिमी स्मरण गर्नु भन्दछ जिन्दगी।